अनुसूची-११

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

सिंहदरबार, काठमाडौं

# सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम

आ.व.: २०७९/८०

सूचना नं.:- ०१(लिलामी)/२०७९/०८०

नेपाल सरकार

परराष्ट्र मन्त्रालय

सिंहदरबार, काठमाडौं

सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं.:- ०१(लिलामी)/२०७९/०८०

प्रथम पटक प्रकाशित मितिः.........

यस परराष्ट्र मन्त्रालयमा मौज्दामा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरुले यस मन्त्रालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले २०७९/...../..... गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १,०००/- (अक्षेरुपी एक हजार रुपैया रकम) **राष्ट्रिय वाणिज्य बैंक** स्थित यस मन्त्रालयको **राजश्व खाता नं १०००१००२०००१०००० कार्यालय कोड नं ३२६००३५०१ राजश्व शीर्षक नं १४२२९** मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे भित्र यस मन्त्रालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६औं दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल काठमाडौंको नाममा **नेपाल राष्ट्र बैंक थापाथली शाखामा** रहेको **धरौटी** खाता नं १२०१२००/००१/००२/५२४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा तोकिएको फाराम बमोजिम भर्नु पर्नेछ। बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

(बोलपत्रदाताले बोलपत्र फाराम पेश गर्दा भर्नुपर्ने निवेदन)

श्रीमान् कार्यालय प्रमख,
परराष्ट्र मन्त्रालय।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

विषयः बोलपत्र पेश गरेको सम्बन्धमा।

त्यस कार्यालयको सूचना नं.:- ०१(लिलामी)/२०७९/०८०, मिति.......... मा प्रकाशित सूचना अनुसार लिलाम बिक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामान तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरी पेश गरेको छु।

तपसिलः

कबोल अङ्क

१. एकमुष्ट कबोल रकम रु........................................ (अक्षेरुपी.................................. ..........................................................................................................)

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको नामः
ठेगानाः
मितिः
हस्ताक्षरः

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

बोलपत्र फर्म/व्यक्तिले भर्नुपर्ने विवरणहरु

१. बोलपत्रदाता फर्म वा व्यक्तिको नामः ..............................

२. प्रोपाइटर वा मुख्य कारोबार गर्ने व्यक्तिः ..........................

३. बोलपत्र साथ संलग्न कागजातः

क. ................फर्म नवीकरण भएको इजाजत

ख. नागरिकताको प्रमाणपत्र

४. जमानत वापतको............... बैंकमा जम्मा गरेको रकम रु............................

अक्षरुपी.................................

५. बोलपत्र पेश गरेको मितिः .....................

६. फर्म र व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ती गरेको भए त्यसको विवरण र संलग्न कागजातः ...........................